आज मिति २०८३/०७/२४ गते रिब्दीकोट गाउँ कार्यपालिकाको नियमित बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीज्यूको अध्यक्षता र तपसिलको उपस्थितीमा बसी देहाय अनुसार निर्णय गरियो।

उपस्थिती

१. गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की
२. " उपाध्यक्ष श्री कान्ता अधिकारी
३. वडा अध्यक्ष वडा नं. १ श्री चिरञ्जीवी पोखरेल
४. " " " २ श्री ओम प्रसाद पोखरेल
५. " " " ३ श्री नारायण बहादुर के.सी.
६. " " " ४ श्री खोम बहादुर कार्की
७. " " " ५ श्री मन बहादुर अरुलामी
८. " " " ६ श्री प्रकाश रायमाझी
९. " " " ७ श्री दान बहादुर कुँवर
१०. " " " ८ श्री चुरा बहादुर हुरी मगर
११. कार्यपालिका सदस्य श्री मिना कुमारी राना
१२. " " श्री सुजना रवाल
१३. " " श्री गोमा थापा
१४. " " श्री शर्मिला नेपाली
१५. " " श्री सुनिल थ्रथ्याल
१६. " " श्री गीता कोइराला
१७. सदस्य सचिव श्री पवन अर्याल
१८. आमन्त्रित श्री रवक लाल न्यौपाने, आमन्त्रित

प्रस्तावहरु:

१. योजना कार्यान्वयनका सम्बन्धमा।

२. आकस्मिक सडक मर्मत सम्बन्धमा।

३. कर्मचारी व्यवस्थापन सम्बन्धमा।

४. विभिन्न समितिको गठन सम्बन्धमा।

५. विविध।

निर्णयहरु:

१. चालु आ.व. २०७९/८० को हाल सम्मको योजना कार्यान्वयनको अवस्था तथा कार्य प्रगतिको समिक्षा भयो। उपभोक्ता समिति गठन नभएका योजनाक्रो यथाशीघ्र गठन गर्ने तथा योजना कार्यान्वयनको प्रक्रिया लाई तदरुकताका साथ अगाडि बढाउने।

२. वर्षातको कारण अवरुद्ध हुन पुगेका गाउँपालिका भित्रका सबै सडकहरु तत्काल सुचारु गर्नुपर्ने भएकोले उपभोक्ता समिति मार्फत काम गराएकोमा सो को प्राविधिक मूल्याङ्कन बमोजिमको रकम आकस्मिक सडक मर्मत शिर्षकबाट भुक्तानी दिने।

३. कर्मचारी व्यवस्थापनका सम्बन्धमा देहाय बमोजिम गर्ने।

(क) करार तथा ज्यालादारी कर्मचारीहरुलाई हाल सम्मको तलब भत्ता उपलब्ध गराई उक्त पदहरुमा स्थायी पदपूर्ति भई नआएमा २०८० असार मसान्तसम्म काममा लगाउने।

(ख) गाउँपालिका अन्तरगत विभिन्न सेवा समूह र पदका स्वीकृत स्थाई दरबन्दीहरुमध्ये रिक्त रहेका तपसिल बमोजिमका पदहरुको पूर्ति गर्न प्रदेश लोकसेवा आयोग बुटवलमा माग आकृति फारम भरी पठाउने।

तपसिल

| क्र.सं. | पदनाम | तह | सेवा/समूह | माग गर्ने पद संख्या |
|---|---|---|---|---|
| १ | अधिकृत | ७/८ औं | कृषि | १ |
| २ | अधिकृत | ७/८ औं | कृषि, भेटेरिनरी | १ |
| ३ | ईन्जिनियर | ६ औं | इन्जिनियरिङ्ग, सिभिल | १ |
| ४ | सहायक | ५ औं | प्रशासन, सा.प्र. | १ |
| ५ | सब-इन्जिनियर | ५ औं | इन्जिनियरिङ्ग, सिभिल | ३ |
| ६ | सहायक | ५ औं | कृषि | २ |
| ७ | पशु सेवा प्राविधिक | ५ औं | कृषि, ला.पो.ड.डे. | १ |
| ८ | हे.असिष्टेन्ट | ५ औं | स्वास्थ्य, हे.ई. | ८ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ९ | स्टाफ नर्स | ५ औं | स्वास्थ्य, क.नं. | १ |
| १० | अ.हे.व. | ४ औं | स्वास्थ्य, हे.ई. | ११ |
| ११ | अ.न.मि. | ४ औं | स्वास्थ्य, क.नं. | १ |
| १२ | वैद्य | ४ औं | स्वास्थ्य, आयुर्वेद | १ |
| १३ | अ.सब.इन्जिनियर | ४औं | इन्जिनियरिङ्ग, सिभिल | ५ |
| १४ | स.म.वि.नि. | ४ औं | विविध | १ |
| १५ | सहायक | ४ औं | कृषि | १ |
| १६ | ना.प.स्वा.प्रा. | ४ औं | कृषि, भेटेरिनरी | १ |
| १७ | ना.प.से.प्रा. | ४ औं | कृषि, ला.पो.डे.डे. | १ |
| १८ | सहायक | ४ औं | प्रशासन, सा.प्र. | ३ |

४. विभिन्न समितिहरुको गठन गर्ने सम्बन्धमा छलफल भयो ।

५. विविध:

(क) पूर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक रु.७५००।- का दरले फिल्ड भत्ता उपलब्ध गराउने ।

(ख) खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृतलाई रात्री तथा दिवा दुवै समयमा कार्य लगाउनुपर्ने भएकोले निजलाई रात्रीकालिन भत्ता स्वरुप शुरु तलब स्केलको शत प्रतिशत रकम आगामी मंसिर महिना देखि उपलब्ध गराउने ।

(ग) प्राविधिक शाखामा इन्जिनियर पद रिक्त रहेकोले सो पदपूर्ति नहुँदा सम्म सब-इन्जिनियर श्री विपिन जि.सी.लाई प्राविधिक शाखा प्रमुखको रुपमा जिम्मेवारी तोक्ने र निजले यस आर्थिक वर्षमा हाल सम्म गरेका सम्पूर्ण कार्यलाई शाखा प्रमुखले गरे सरह मान्यता दिने ।

CamScanner